# Invitation for Bids

नेपाल सरकार
**अर्थ मन्त्रालय**
सिंहदरबार, काठमाडौं

## कार्यालय सामान खरिदको लागि बिद्युतीय बोलपत्र (E-Bidding) आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७८।०४।२०)

१. नेपाल सरकार अर्थ मन्त्रालयले तपसिलमा उल्लेखित कार्यालय सामान खरीदका लागि योग्य बोलपत्रदाताहरूबाट राष्ट्रिय स्तरको खुल्ला बोलपत्र प्रक्रिया अन्तर्गत आर्थिक वर्ष २०७८/७९ को लागि बोलपत्र आह्वान गर्दछ ।

| बोलपत्र ठेक्का नं. | कार्यालय सामान | बोलपत्र कागजात बापतको दस्तुर | बोलपत्र मान्य हुने अवधि | बोलपत्र जमानत रकम | बोलपत्रको किसिम |
|---|---|---|---|---|---|
| MOF-NCB-GOODS-01/078-79 | स्टेशनरी सम्बन्धी सामान आपुर्ति | रू. ३०००/- | ९० दिन | २,१५,०००/- | बिद्युतीय बोलपत्र मात्र |
| MOF-NCB-GOODS-02/078-79 | प्रिन्टर कार्टेज तथा टोनर सम्बन्धी सामान आपुर्ति | रू. ३०००/ | ९० दिन | ७८,०००/- | बिद्युतीय बोलपत्र मात्र |

२. योग्य बोलपत्रदाताहरूले अर्थ मन्त्रालय, सिंहदरबारबाट वा सार्वजनिक खरिद अनुगमन कार्यालयको e-GP प्रणालिको www.bolpatra.gov.np/egp बाट यस बोलपत्र सम्वन्धमा थप जानकारी प्राप्त गर्न सक्नुहुनेछ।

३. बोलपत्र सम्बन्धी कागजात बापतको दस्तुर तल उल्लेखित बैंक सम्बन्धी बिवरणमा दाखिला गरेको भौचर स्क्यान गरी (pdf format) e-GP पोर्टलमा अपलोड गरी बोलपत्र सम्बन्धी कागजातहरू सार्वजनिक खरिद अनुगमन कार्यालयको e-GP पोर्टल http://www.bolpatra.gov.np/egp बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

**बोलपत्र सम्बन्धी कागजात बापतको दस्तुर दाखिला गर्ने बैंकको बिवरणः**

बैंकको नामः एभरेष्ट बैंक लि, सिंहदरबार ।
कार्यालयको नाम: अर्थ मन्त्रालय — कार्यालय कोड नं.: ३०५००३५०१
कार्यालयको खाता नं. : ००१००१०६२००००० — राजस्व संकेत नं. : १४२२९

४. बोलपत्र सम्बन्धी पूर्व बैठक २०७८ साउन ३२ गते अर्थ मन्त्रालय, सिंहदरबारमा दिउँसो २:०० बजे हुनेछ।

५. बोलपत्रदाताहरूले बोलपत्रहरू बिद्युतिय रूपमा सार्वजनिक खरिद अनुगमन कार्यालयको e-GP पोर्टल http://www.bolpatra.gov.np/egp मार्फत २०७८ भाद्र १८ गते दिनको १२:०० बजेसम्ममा पेश गर्नुपर्नेछ। उल्लिखित मिति र समय पछि प्राप्त कागजातहरू स्वीकार गरिने छैन।

६. तोकिएको समय भित्र प्राप्त हुन आएका बिद्युतीय बोलपत्रहरू उपस्थित हुन चाहने बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा सोही दिन दिनको २:०० बजे यस मन्त्रालय, सिंहदरबारमा खोलिने छ।

७. बोलपत्र जमानत बापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय भुक्तानी केन्द्र ४ सिंहदरबारको धरौटी खाता नम्बर ००१००१०५२०१२६८, कार्यालय कोड नम्बर ३०५००३५०१ मा जम्मा गरेको सक्कल भौचर(दोश्रो प्रति) वा मान्यता प्राप्त बाणिज्य बैंकहरुबाट अर्थ मन्त्रालयको नाममा जारी भएको बोलपत्र जमानतपत्र पेश गर्नु पर्नेछ र त्यस्तो बोलपत्र जमानतको मान्य हुने अवधि बोलपत्र मान्य हुने अवधि भन्दा कम्तिमा पनि ३० दिन बढी हुनु पर्नेछ ।

८. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्बजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको सोहि समयमा बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साबिककै मितिदेखि गणना गरिने छ ।

९. कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पुर्ण अधिकार यस मन्त्रालयमा निहित रहने छ।

१०. यो सूचना र बोलपत्र सम्बन्धी कागजातमा स्पष्ट नभएका बिषयहरु प्रचलित कानून तथा सार्बजनिक खरिद ऐन, २०६३ र सार्बजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

११. यो सूचना यस मन्त्रालयको website: www.mof.gov.np मा समेत उपलब्ध छ।